# " सडक पूर्वाधार विकास र व्यवस्थापनको लागि व्यवसायजन्य स्वास्थ्य र सुरक्षा नीति, २०८०"
## (विभागीय नीति)

## १. पृष्ठभूमिः

सडक पूर्वाधार आर्थिक विकासको संवाहक तथा समृद्धिको आधारशीला हो । नेपालमा सडक पूर्वाधारको विकास र व्यवस्थापन द्रुत एवं व्यापक हुदै गएको सन्दर्भमा यसमा संलग्न श्रमिक, निर्माण व्यवसायी, रोजगारदाता, सेवा प्रदायक लगायत सम्बन्धित सबैको नागरिक अधिकार तथा संविधान प्रदत्त मौलिक अधिकार सुनिश्चित गर्न आवश्यक छ । श्रमसंग सम्बन्धित कानूनमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षालाई प्रवर्धन, नियमन र व्यवस्थापन गर्न उपयुक्त कानून निर्माण तथा कार्यान्वयन गर्न सकिने प्रावधान रहेको छ । सडक विभागले सडक पूर्वाधार विकास र व्यवस्थापनमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी प्रभावहरूको सम्बोधन, गुणस्तरीय कार्य तथा कार्य वातावरणको सुनिश्चितता, स्वस्थ र सुरक्षित कार्यवातावरणको निर्माण, दुर्घटना र चोटपटक न्युनीकरण, कार्यस्थल सम्वद्ध रोगको रोकथाम, दुर्घटनामुक्त कार्य वातावरणको सुनिश्चितता तथा सुरक्षित कार्य संस्कृति प्रवर्द्धन गर्न **"सडक पूर्वाधार विकास र व्यवस्थापनको लागि व्यवसायजन्य स्वास्थ्य र सुरक्षा नीति, २०८०"** (विभागीय नीति) तर्जुमा गरेको हो ।

## २. वर्तमान स्थितिः

नेपालको संविधानको भाग ३ ले विभिन्न मौलिक हक र कर्तव्य अन्तर्गत सम्मान पूर्वक बाच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, यातना विरुद्धको हक, शोषण विरुद्धको हक, स्वच्छ वातावरणको हक, रोजगारीको हक, श्रमको हक, स्वास्थ्य सम्बन्धी हक, खाद्य सम्बन्धी हक, आवासको हक, महिलाको हक, बालबालिकाको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक लगायतका हकहरुलाई मौलिक हकका रुपमा स्थापित गरेको छ । साथै भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत श्रम तथा रोजगारी सम्बन्धी नीति र सामाजिक न्याय र समावेशी सम्बन्धी नीतिको व्यवस्था रहेको छ ।

राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६ ले व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको सन्दर्भमा मुख्यतया उत्पादनमूलक उद्योगहरूमा केन्द्रित प्रावधानहरूको व्यवस्था गरेको छ। नेपालको मुलुकी देवानी संहिता ऐन, २०७४ ले कुनै पनि प्रकारको कार्यमा पारिश्रमिक, सुरक्षा उपायहरु तथा समयलाई व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी प्रावधानहरुको रुपमा व्यवस्था गरेको छ। उद्योग नीति, २०६७ तथा औद्योगिक व्यवसाय ऐन, २०७६ ले सडक, पुल तथा सुरुङ निर्माणलाई पूर्वाधार उद्योगको रूपमा वर्गीकरण गरेको छ। राष्ट्रिय यातायात नीति, २०५८ ले सडक पूर्वाधारको विकास र व्यवस्थापनलाई सुदृढ गर्दै सडक सञ्जाललाई ग्रामिण क्षेत्रसम्म पुर्याउने र दिगो सञ्चालन र व्यवस्थापनका लागि सबै सरोकारवाला निकायहरुलाई सबल र सक्षम बनाउने व्यवस्था गरेको छ। श्रम ऐन, २०७४ ले स्वस्थ र सुरक्षित कार्य तथा कार्यवातावरण र सुरक्षित रोजगारीको व्यवस्था गरेको छ ।

३. समस्या र चुनौतीहरूः

व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा व्यवस्थापन प्रणाली अन्तर्गत सुरक्षित कार्य वातावरणको संरक्षण र कामदारहरूको सुरक्षा र स्वास्थ्यको प्रत्याभुती गर्न सरकार, श्रमिक, निर्माण व्यवसायी, रोजगारदाता, सेवा प्रदायक लगायत सबै सरोकारवाला निकायको सक्रिय सहभागिता महत्त्वपूर्ण हुन्छ । व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सम्वन्धी व्यवहारिक तथा स्थापित प्रावधानहरूको अवलम्बन तथा कार्यान्वयन गर्ने सन्दर्भमा सरोकारवालाहरुको ग्रहणशिलता र अपनत्वको कमी समस्याका रुपमा देखिन्छ । प्रचलित कानूनको पालनामा उदासिनता र कानूनी उपचारमा हुने ढिलासुस्ती तथा यसका कारण सिर्जना हुन सक्ने जटिलता समेत समस्याको रुपमा रहेको छ । यसका न्युनतम मापदण्डहरुलाई पूर्वाधार विकासमा व्यवस्थित तवरले प्रवर्द्धन, नियमन र व्यवस्थापन गर्नु प्रमुख चुनौतीको रुपमा रहेको छ । सडक पूर्वाधार विकास र व्यवस्थापनका सम्बन्धमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्वन्धी कानुनको अभाव, वोलपत्र तथा करार सम्झौतामा यस सम्बन्धी प्रयास सम्बोधन एवं कार्यान्वयन हुन नसक्नु, गुणस्तरीय कार्यस्थल व्यवस्शापन, कार्यस्थल सम्वद्ध रोगको रोकथाम तथा दुर्घटना र चोटपटकको न्यूनीकरण गर्ने चुनौतीहरु रहेका छन् । व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षालाई पूर्वाधार विकासमा मूलप्रवाहिकरण गर्न संस्थागत संरचनाको व्यवस्था, जनशक्तिको क्षमता अभिवृद्धि, कुशल व्यवस्थापन प्रक्रिया तथा अभ्यासहरूको अनुसरण र सरोकारवालाहरू बीच समन्वयनको आवश्यकता छ ।

४. नीतिको आवश्यकताः

संविधानले व्यवस्था गरेको मौलिक हकहरूको सुनिश्चितता गर्नु राज्यको दायित्व हो। असल श्रम अभ्यासको सुनिश्चितता, स्वच्छ र स्वस्थ कार्य वातावरणको स्थापना, सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षाको व्यवस्थापनमा सरकार, श्रमिक, निर्माण व्यवसायी, रोजगारदाता, सेवा प्रदायकको सहभागिता हुन आवश्यक छ । सुरक्षा मापदण्ड तथा सुरक्षित निर्माण अभ्यासहरूको अवलम्बनबाट कार्यस्थलको जोखिम तथा सोबाट सिर्जित दुर्घटना र चोटपटकको न्यूनीकरण तथा रोगहरुको रोकथाम भई दीर्घकालीन रुपमा पूर्वाधार विकासको आर्थिक व्ययभार कम गर्न मद्दत पुग्दछ । सडक पूर्वाधार विकास र व्यवस्थापनमा व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी कानूनको आवश्यकता र विद्यमान श्रम कानूनहरुमा सडक पूर्वाधार विकासमा व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी स्पष्ट प्रावधान र मापदण्डको व्यवस्था तथा अन्य प्रावधानहरुको प्रभावकारी कार्यान्वयनमा उदासिनताको कारण सडक पूर्वाधार विकास र व्यवस्थापनको लागि "व्यवसायजन्य स्वास्थ्य र सुरक्षा नीति, २०८० (विभागीय नीति)" तर्जुमा र कार्यान्वयन गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ ।

५. नीतिको आधारशिलाः

नेपालमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्वन्धी विद्यमान अवस्थाको पुनरावलोकन, विगतका भए गरेका प्रयासहरुको अध्ययन, विद्यमान समस्याहरु र चुनौतीहरुको विश्लेषण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासहरुको अध्ययन तथा अनुसरणको अनुकुलताको विश्लेषण यस नीति तर्जुमाका प्रमुख आधारशिला हुन् । नेपालको मुलुकी देवानी संहिता ऐन, २०७४; उद्योग नीति, २०६७; स्वास्थ्य नीति, २०७६; राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६; श्रम ऐन, २०७४; र नियमावली २०७५ औद्योगिक व्यवसाय ऐन, २०७६; वातावरण संरक्षण ऐन २०७६; मा भएका प्रावधानहरुको पुनरावलोकनका आधारमा नीति तर्जुमा गरिएको छ । यस विषयसंग सम्बन्धित अन्तर्राष्ट्रिय कानूनहरु, ILO महासन्धि, १५५; ILO महासन्धि, १६७ (निर्माण क्षेत्र), ILO महासन्धि १८७ (व्यवसायजन्य स्वास्थ्य र सुरक्षा), दीगो विकास लक्ष्यहरु-८, विश्व बैंकको वातावरण तथा सामाजिक संरचना, २०१८; एशियाली बैंकको वातावरण र सामाजिक सुरक्षा नीति, २००९ र जापान बैंक फर इन्टरनेशनल कोअपरेशनले तयार गरेको वातावरणीय मार्गदर्शन, २०१५ तथा अन्य सम्बन्धित अन्तर्राष्ट्रिय कानुन तथा मापदण्डहरुको समेत पुनरावलोकन गरिएको छ ।

६. दुरदृष्टिः

सडक पूर्वाधार विकास र व्यवस्थापनमा स्वस्थ तथा सुरक्षित कार्य वातावरण स्थापना गरी व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको प्रत्याभूत गर्ने ।

७. सोचः

व्यवसायजन्य स्वास्थ्य र सुरक्षित कार्यवातावरणको मापदण्ड तथा सूचकहरुको तर्जुमा तथा अवलम्बन गरी स्वस्थ एवं सुरक्षित कार्य वातावरणको स्थापना गर्ने ।

८. लक्ष्य:

सडक पूर्वाधार विकास र व्यवस्थापनमा 'सुरक्षा पहिले 'Safety First÷ अवधारणा स्थापना तथा प्रवर्धन गरी कार्यस्थलमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी जोखिम न्युनीकरण गर्ने ।

९. उद्देश्य:

व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी जोखिम न्यूनीकरण तथा नियन्त्रण गर्न व्यवहारिक तथा लागतमैत्री उपायहरुको अवलम्बन गरी सुरक्षित, भरपर्दो एवं स्वस्थ कार्य वातावरण सुनिश्चित गर्ने।

१०. रणनीति र कार्यनीति:

निर्धारित उद्देश्यहरू प्राप्त गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ ।

रणनीति १: व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी कानून तर्जुमा गरी कार्यान्वयन गर्ने ।

कार्यनीतिहरु:

१.१ व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी ऐन, नियम, निर्देशिका, मापदण्ड, आचारसंहिता, कार्यसम्पादन मूल्याङ्कन सूचक, निर्माण कार्यस्थल निर्देशिका तयार गर्ने; कार्यसञ्चालन पुस्तिका, समझदारी पत्र, अभ्यास संहिता, वोलपत्र पुस्तिका, सबै प्रकारका निर्माण सम्झौता, सेवा प्रदायक तथा वाह्य कार्य सम्झौतामा व्यवसायजन्य स्वास्थ्य र सुरक्षाका मापदण्ड तथा सूचकहरु आन्तरिकिकरण गरी कार्यान्वयन गरिने छ ।

१.२ व्यवसायजन्य स्वास्थ्य र सुरक्षाका प्राविधिक, सामाजिक र वातावरणीय प्रावधानहरुलाई गेट रिभ्यु प्रक्रिया (Gate Review Process) मा समावेश गरी यसको कार्यान्वयनको सुनिश्चितता गरिने छ ।

१.३ व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको संस्थागत र संरचनात्मक विकास गरिने छ ।

१.४ व्यवसायजन्य स्वास्थ्य र सुरक्षाका मापदण्ड तथा सूचकहरुको कार्यान्वयन, सुरक्षित रोजगारी सृजना, प्रदूषण नियन्त्रण, प्रविधिको उपयोग, फोहोर व्यवस्थापन र सामुदायिक विकासका लागि प्रोत्साहनका उपायहरु अवलम्बन गरिने छ ।

१.५. व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको संस्थागत समन्वय र सूचना प्रवाह सम्बन्धी निर्देशिका तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

**रणनीति २: व्यवसायजन्य स्वास्थ्य र सुरक्षालाई सडक पूर्वाधार विकास र व्यवस्थापनमा मुलप्रवाहीकरण गर्ने ।**

कार्यनीतिहरु:

२.१. व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्ड तथा सूचकहरुको कार्यान्वयन गर्न, अध्ययन अनुसन्धान गर्न, विभागको संस्थागत क्षमता अभिवृद्धि तथा प्राविधिक क्षमता अभिवृद्धि गर्न सडक विभागमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी छुट्टै युनिट स्थापना गरिने छ (व्यवसायजन्य स्वास्थ्य र सुरक्षा युनिट स्थापना नभएसम्म भू-वातावरण तथा सामाजिक शाखाले व्यवसायजन्य स्वास्थ्य र सुरक्षा युनिटको रुपमा काम गर्नेछ)।

२.२. व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्ड तथा सूचकहरुको मुलप्रवाहीकरण गरी कार्यान्वयन तथा प्रवर्धन गरिने छ ।

२.३. सुरक्षित कार्य र कार्य वातावरणको स्थापना, उपयुक्त निर्माण उपायहरुको अवलम्बन, नविन प्रविधि एवं उपकरणको प्रयोग, गुणस्तरीय सामग्रीको प्रयोग र निर्माणजन्य अन्य सुविधाहरुमा सहज पहुँच स्थापना गरी व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको दिगो विकास गरिने छ ।

२.४. सबै प्रकारका जनशक्तिहरुको सामाजिक सुरक्षा व्यवस्था र दुर्घटना बीमा गरिने छ ।

२.५ व्यक्तिगत सुरक्षा उपकरणहरुको (Personnel Protective Equipment-PPE) को उपयुक्त प्रयोगको लागि आवश्यक उपायहरु अवलम्बन गरिने छ ।

२.६ निर्माण स्थलमा चोटपटक न्यूनीकरण गर्न तथा कार्यस्थलजन्य रोगहरुको उपचार गर्न निर्माण स्थलमा उपयुक्त प्राथमिक उपचार केन्द्र स्थापना तथा संचालन गरिने छ ।



नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात ... सिंहदरबार, काठमाडौं

२.७ सडक पूर्वाधार विकास र व्यवस्थापनमा एकीकृत व्यवसायजन्य स्वास्थ्य र सुरक्षा व्यवस्थापन प्रणाली (Integrated Occupational Health and Safety Management System-IOHSMS) तथा कार्यस्थल दुर्घटना व्यवस्थापन प्रणाली (Workplace Accident Management System-WAMS) स्थापना गरी लागू गरिने छ ।

**रणनीति ३: सडक विभाग, निर्माण व्यवसायी तथा परामर्शदाताको संस्थागत क्षमता अभिबृद्धि गर्ने ।**

**कार्यनीतिहरु:**

३.१. व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्वद्ध शाखालाई (युनिट) ज्ञानकेन्द्रका रुपमा विकास गरिने छ । संस्थागत विकास, समन्वय र अनुगमनलाई प्रभावकारी बनाउन क्षमता अभिवृद्धि कार्यक्रमहरु संचालन गरिने छ ।

३.२. निर्माण व्यवसायी, सहायक निर्माण व्यवसायी, अनुगमन तथा सुपरिवेक्षण परामर्शदाताहरुको स्थलगत कार्यालयमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्ड तथा सूचकहरुको कार्यान्वयनका लागि स्वास्थ्य र सुरक्षा ईकाई स्थापना गरिने छ तथा सेवा प्रदायक र वाह्य आपुर्तिकर्ताहरुलाई समेत मापदण्ड र सूचकहरुको कार्यान्वयनमा मुलप्रवाहीकरण गरिने छ ।

३.३. स्वास्थ्य र सुरक्षा ईकाईमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी व्यक्तिगत सुरक्षा उपकरणहरुको (Personnel Protective Equipment-PPE) व्यवस्था, सामग्री उपयोग सम्बन्धी जानकारीको (Tool Box Meeting) व्यवस्था गरिने छ ।

३.४. निर्माण व्यवसायी, सहायक निर्माण व्यवसायी, अनुगमन तथा सुपरिवेक्षण परामर्शदाताहरु, सेवा प्रदायक र वाह्य आपूर्तिकर्ताको व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्वन्धी क्षमता अभिवृद्धि गर्न क्षमता अभिवृद्धि कार्यक्रमहरु पहिचान गरी संचालन गरिने छ ।

३.५. व्यवसायजन्य स्वास्थ्य सेवाको उपयोग, सुरक्षा उपकरणको प्रयोग, सूचना, शिक्षा तथा संचार सामग्रीको विकास तथा संचार प्रविधिको अभ्यास र अवलम्बन गर्न निर्माण व्यवसायी, सहायक निर्माण व्यवसायी, परामर्शदाता र सेवा प्रदायकहरु लगायत सरोकारवालाहरुलाई प्रोत्साहन गरिने छ ।

३.६. एकीकृत व्यवसायजन्य स्वास्थ्य र सुरक्षा व्यवस्थापन प्रणाली (Integrated Occupational Health and Safety Management System-IOHSMS) तथा कार्यस्थल दुर्घटना व्यवस्थापन प्रणाली (Workplace Accident Management System-WAMS) को कार्यान्वयनका लागि क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिने छ ।

**रणनीति ४: सरोकारवालाहरू बीच समन्वय र सहयोगका लागि प्रभावकारी संयन्त्र निर्माण गर्ने ।**

**कार्यनीतिहरु:**

४.१. व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्ड र सूचकहरुको प्रभावकारी कार्यान्वयन गर्न तथा आपतकालीन अवस्थाको व्यस्थापनका लागि संघ, प्रदेश तथा स्थानीय तह र अन्य सरोकारवाला वीच आवश्यक समन्वय एवं सहकार्यको संयन्त्र विकास गरिने छ ।



नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात ... सिंहदरबार, काठमाडौं

४.२. व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्वद्ध शाखालाई व्यवसायजन्य स्वास्थ्य र सुरक्षासंग सम्बन्धित गुनासो सुनुवाई तथा आपतकालीन अवस्थाको व्यवस्थापनका लागि केन्द्र विन्दुका (Focal Point) रुपमा विकास गरिने छ ।

४.३. सडक पूर्वाधार विकास र व्यवस्थापनसंग सम्बन्धित सरोकारवालाहरूको पहिचान, सूचीकरण एवं –सहभागिताको कार्ययोजना विकास गरी लागू गरिने छ ।

४.४. व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको थप विकास तथा सुदृढीकरणकालागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसंग समन्वय स्थापना गरी सहकार्य गरिने छ ।

४.५. व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न कार्यस्थलहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उत्कृष्ट अनुसरणीय अभ्यासहरु आत्मसाथ गरिने छ ।

**रणनीति ५: व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी प्रणालीगत मापदण्ड तथा अभ्यास संहिताको विकास गर्ने ।**

**कार्यनीतिहरु:**

५.१. व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्वन्धी मापदण्ड र सूचकहरुको प्रभावकारी कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनको सुनिश्चितताका लागि निर्माण व्यवसायी, सहायक निर्माण व्यवसायी, अनुगमन तथा सुपरिवेक्षण परामर्शदाताहरुलाई निर्माण तथा व्यवस्थापन गतिविधिहरूको विवरण, आयोजना सञ्चालन प्रक्रिया र आयोजना संचालनका लागि आवश्यक साधन स्रोतहरू समावेश गरिएको विस्तृत कार्य सञ्चालन र व्यवस्थापन योजना (Detail Working Procedure and Management Plan) तर्जुमा गर्न लगाई कार्यान्वयन गरिने छ ।

५.२. एकीकृत व्यवस्थापन प्रणालीमा कार्यस्थलमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको सम्पादनस्तर निर्धारण, स्तर प्रमाणीकरण गर्न आवश्यक मापदण्ड तथा स्तर निर्धारण संयन्त्र विकास गरी सो संयन्त्र मार्फत व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको स्तर मूल्यांकन गरिने छ ।

५.३. व्यवसायजन्य स्वास्थ्य र सुरक्षाका मापदण्ड तथा सूचकहरु कार्यान्वयन गरी कार्यस्थलको जोखिम व्यवस्थापन गर्न नमुना आयोजना विकास गरी सिकाई स्थलका रुपमा व्यवस्थापन गरिने छ ।

५.४. सडक पूर्वाधार विकास र व्यवस्थापनमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको प्रवर्द्धन सुनिश्चित गर्न सम्बन्धित कानूनमा दण्ड वा जरिवानाको प्रावधान र संयन्त्र स्थापित गरिने छ ।

५.५. सडक पूर्वाधार विकास र व्यवस्थापनमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्न जोखिमयुक्त काम, जोखिमयुक्त प्रविधि तथा जोखिमयुक्त मेसिनरीको सञ्चालन र व्यवस्थापनमा कार्य सुरक्षा अनुमतिको (Work Permit) व्यवस्था गरिने छ ।

५.६. कार्यस्थलमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षा परीक्षण (Occupational Health and Safety Audit) दर्ता OHS लेखा परीक्षकहरु मार्फत गर्ने व्यवस्था गरिने छ ।

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरबार, काठमाडौं

संस्थागत संरचना:

११.१ निर्देशन तथा सल्लाह समितिः

सडक पूर्वाधार विकास र व्यवस्थापनमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षाका मापदण्ड र सूचकांकको कार्यान्वयन, प्रवर्द्धन, व्यवस्थापन र नियमनलाई प्रभावकारी बनाउन निम्न बमोजिमको निर्देशन तथा सल्लाह समिति रहने छ ।

अध्यक्ष:महानिर्देशक, सडक विभाग
सदस्यः उपमहानिर्देशक, पुल महाशाखा
सदस्यः उपमहानिर्देशक, विकास सहायता कार्यान्वयन महाशाखा
सदस्यः उपमहानिर्देशक, योजना तथा अनुगमन महाशाखा
सदस्यः उपमहानिर्देशक, सम्भार महाशाखा,
सदस्यः उपमहानिर्देशक, यान्त्रिक महाशाखा
सदस्य:प्रमुख, कानून तथा विवाद व्यवस्थापन शाखा
सदस्यः प्रतिनिधि, नेपाल निर्माण व्यवसायी महासंघ
सदस्यः प्रतिनिधि, संयुक्त ट्रेड युनियन समन्वय केन्द्र
सदस्य सचिवः प्रमुख, व्यवसायजन्य स्वास्थ्य र सुरक्षा युनिट, सडक विभाग
(नोटः आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा थप सदस्यहरु आमन्त्रित गर्न सकिनेछ ।)

११.२ अनुगमन तथा मूल्याङ्कन समितिः

सडक पूर्वाधार विकास र व्यवस्थापनमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षाका मापदण्ड र सूचकांकको कार्यान्वयन, प्रवर्द्धन, व्यवस्थापन र नियमनलाई प्रभावकारी बनाउन निम्न बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति निम्न बमोजिमको रहने छ ।

संयोजकः प्रमुख, संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय (सम्बन्धित)/ आयोजना निर्देशनालय, सडक विभाग
सदस्यः सि.डी.ई. (प्रतिनिधि), सम्बन्धित महाशाखा/ आयोजना निर्देशनालय
सदस्यः प्रमुख, सडक डिभिजन/आयोजना कार्यान्वन कार्यालय (सम्बन्धित)
सदस्यः व्यवसायजन्य स्वास्थ्य र सुरक्षा विशेषज्ञ (संयोजकबाट मनोनीत)
सदस्यः वातावरण निरीक्षक/ व्यवसायजन्य स्वास्थ्य र सुरक्षा फोकल व्यक्ति, व्यवसायजन्य स्वास्थ्य र सुरक्षा युनिट

११.३ परियोजना समन्वय तथा कार्यान्वयन समितिः

परियोजना समन्वय तथा कार्यान्वयन समिति आयोजना संचालन हुने सम्बन्धित सडक डिभिजन वा आयोजना कार्यान्विन कार्यालयमा निम्न बमोजिमको रहने छ ।

संयोजकः प्रमुख, सडक डिभिजन/ आयोजना कार्यान्वन कार्यालय (सम्बन्धित)
सदस्यः प्रतिनिधि, निर्माण व्यवसायी

सदस्यः प्रतिनिधि, परामर्शदाता (भएमा)

सदस्यः ईञ्जिनियर (सम्वन्धित योजना हेर्ने)

(नोटः आवश्यकता अनुसार संयोजकको निर्देशनमा थप सदस्यहरु आमन्त्रित गर्न सकिनेछ ।)

## ११. कानूनी प्रावधान:

सडक पूर्वाधार विकास र व्यवस्थापनमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षाका मापदण्ड र सूचकको कार्यान्वयन, प्रवर्द्धन, व्यवस्थापन र नियमनलाई प्रभावकारी बनाउन रणनीति १ मा उल्लेख भए अनुसार कानूनी व्यवस्था गरिनुका साथै संघीय संरचना अनुकुल पुनरावलोकन गरिनेछ ।

## १२. अनुगमन र मूल्याङ्कन:

सडक पूर्वाधार विकास र व्यवस्थापनमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षाका मापदण्ड र सूचकको कार्यान्वयनको प्रभावकारी अनुगमन र मूल्याङ्कन दफा ११.१ बमोजिम गठन हुने निर्देशन तथा सल्लाह समिति, दफा ११.२ अनुसार गठन हुने अनुगमन तथा मूल्याङ्कन समिति र सम्वन्धित परियोजनाको कार्यसम्पादनको अनुगमन र मूल्याङ्कन दफा ११.३ अनुसार गठन हुने परियोजना समन्वय तथा कार्यान्वयन समिति मार्फत गरिनेछ । निर्देशन समितिवाट वार्षिक दुई पटक, अनुगमन तथा मूल्याङ्कन समितिवाट वार्षिक चार पटक तथा परियोजना समन्वय तथा कार्यान्वयन समितिवाट मासिक रुपमा अनुगमन र मूल्याङ्कन गरिने छ ।

## १३. दायरा र प्रत्याभूतिः

सडक विभाग अन्तर्गत संचालन हुने आयोजनाहरुको विकास र व्यवस्थापनमा यस नीतिको कार्यान्वयन गरिने छ ।

## १४. आर्थिक पक्ष:

यस नीतिको कार्यान्वयनका लागि बजेटका प्रावधानहरू बोलपत्र पुस्तिका तथा सबै प्रकारका निर्माण सम्झौतामा छुट्टै आइटमको रुपमा विनियोजन गरिनेछ । बजेट कार्यान्वयन कार्ययोजना तर्जुमा गर्दा आयोजनाको प्रकृति, आकार र जोखिमको जटिलताका आधारमा गरिनेछ ।

## १५. जोखिम:

व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको कार्यान्वयन आयोजनाको तीनै (डिजाईन,निर्माण, संचालन तथा सम्भार) चरणमा मूलप्रवाहीकरण र संस्थागत गर्नु सडक विभाग, अन्तर्गतका निकायहरु तथा सम्बन्धित सरोकारवालाहरुको प्रमुख जिम्मेवारी हुनेछ । यो नीतिको प्रभावकारी कार्यान्वयनको लागि

आवश्यक साधन स्रोतहरूको उपलब्धता तथा परिचालन, सेवा प्रवाहको संयन्त्र स्थापना तथा मापन, नविन प्रविधिको उपयोग तथा सरोकारवाला वीच समन्वय लगायत अन्य आयोजनाको आपतकालिन अवस्था तथा व्यवस्थापन सम्भावित जोखिमका रुपमा रहेका छन् ।

## १६. पुनरावलोकन र परिमार्जनः

यस नीति कार्यान्वयनको समीक्षा वार्षिक रूपमा गरिनेछ । नीति कार्यान्वयनको आवधिक परीक्षण गरी प्राप्त नतिजा, पृष्ठपोषण र प्रभावका आधारमा प्रति बार्षिक रूपमा प्रतिवेदन तयार गरी सोको निर्देशन, अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयबाट पुनरावलोकन एवं संशोधन गरिने छ । कार्यनीतिहरुको कार्यसम्पादनको उपलब्धता तथा प्रभावकारिताको आधारमा यस नीतिको प्रत्येक तीन वर्षमा समीक्षा गरिनेछ ।